भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

प्रदेश नं. १ झापा नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड २ भद्रपुर, फागुन २३ गते, २०७५ साल, संख्या १८

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणका लागि प्रकाशन गरिएकोछ ।

## भद्रपुर नगरपालिकाको
## हिंसा पिडित तथा मानव बेचविखन पिडित महिला र बेवारिसे बालबालिकाका लागि अल्पकालिन सेवा केन्द्र तथा कोष संचालन कार्यविधि, २०७५

*स्वीकृत मिति: २०७५/१०/२३*
*प्रमाणीकरण मिति : २०७५/११/२३*

# प्रस्तावना

लैंगिक हिंसा तथा मानव बेचविखन सामाजिक चिन्ताको विषय बनिरहेको छ । लैंगिक हिंसा तथा मानव बेचविखन बाट प्रायः महिला नै प्रभावित हुने गरेका छन् । मानव बेचविखन बढ्दो अवस्था मा छ र यसका स्वरुपहरुपनि फरक फरक रुपमा देखापरेका छन । कतिपय प्रभावित महिला एक्कासी घरबाट निकालिने गरेको । कहीँ कतै थात-बास नपाएर झन् जोखिममा पर्नुपरेको अवस्था पनि छ । आफन्त भन्दैमा महिलाले प्रताडित हुनुपर्ने स्थिति कदापि हुनुहुँदैन । महिला हिंसाविरुद्ध शुन्य सहनशीलता हुनुपर्दछ । महिला स्वयम्ले, परिवारका सज्जनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ । सँगसँगै प्रभावित महिलालाई तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७ तथा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ र नियमावली २०६५ ले गरेको व्यवस्थाअनुसार भद्रपुर नगरपालिकाले यस पालिकाको कार्यक्षेत्र भित्र घरेलु हिंसा तथा मानब वेचविखन तथा ओसारपसार बाट पिडित महिला तथा बेवारिसे बालबालिकाको उद्दार तथा तत्काल संरक्षणकालागि अल्पकालिन सेवा र सुविधा पुऱ्याउन यो अल्पकालिन सेवा केन्द्र तथा कोष सञ्चालनको कार्यक्षेत्रगत कार्यविधि तयार गरि लागु गरेको छ ।

**१. संक्षिप्त नाम प्रारम्भ र खारेजी :** अल्पकालिन सेवा केन्द्र तथा कोष संचालन कार्यविधि २०७५ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा : विषय वा प्रसंगले अर्कै अर्थ नलागेमा यस कार्यविधिमा,**

“घरेलु हिंसा” भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारिरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

“लैंगिक हिंसा” भन्नाले सार्वजनिक वा निजि जीवनमा लिंगको आधारमा कसै प्रति शारिरिक, मानसिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुनसक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँदछ ।

“ मानव बेचविखन ” भन्नाले मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ र नियमावली २०६५ मा परिभाषित गरे बमोजिम सम्झनु पर्दछ ।

“ बालबालिका ” भन्नाले १८ वर्ष उमेर नपुगेका तर यस सेवा केन्द्रमा संरक्षणका लागि बालिकाको हकमा १८वर्ष नपुगेका र बालकको हकमा १२ वर्ष नपुगेका बालबालिका सम्झनु पर्दछ ।

“ वेवारिसे बालबालिका ” भन्नाले अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेलापरेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका सम्झनु पर्दछ ।

“ कार्यालय भन्नाले ” भद्रपुर नगरपालिका नगर कार्यपालिका भद्रपुर सम्झनुपर्दछ ।

“ समन्वय समिति ” भन्नाले यस निर्देशिकाको दफा १५ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

“ सञ्चालन समिति ” भन्नाले यस निर्देशिकाको दफा १७ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

“ कोष ” भन्नाले कार्यालयले लैंगिक हिंसा पिडित महिलाका लागि संचालन गरिएको अल्पकालिन सेवा केन्द्र सञ्चालन कोष सम्झनु पर्दछ ।

**३.उद्देश्य :** विभिन्न महिला संस्थाहरुको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै अधिकारवादी सोचबाट प्रभावित महिलाका लागि छिमेकी सहयोग एवं समुदायदेखि नै सदरमुकाम सम्मका यथाशक्य उपचारात्मक सेवाहरु सुलभ गराएर न्याय दिलाउनु आपतकालिन तथा अल्पकालिन सेवा केन्द्र सञ्चालनको उद्देश्य हो ।

**४. कोषको स्थापना :लैंगिक हिंसा तथा मानव बेचविखन पिडित महिला र बेवारिसि बालबालिकाको लागि भद्रपुर नगरपालिकास्तरीय एक अल्पकालिन सेवा केन्द्र संचालन कोषको स्थापना गरिएको छ ।**

४.१. कोषमा देहाय बमोजिमको रकमहरु रहने छ ।
क) स्थानीय तहवाट विनियोजन गरिएको रकम
ख) संघिय तथा प्रदेश सरकारबाट प्राप्त रकम
ग) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त हुन आएको रकम
घ) अन्य विविध श्रोतबाट प्राप्त हुन आएको रकम ।

४.२ कोषको उपयोग : कोषको रकम देहायको कामको लागि उपयोग गरिने छ ।
क) आपतकालिन अवस्थामा रहेका लैंगिक हिंसा पिडित तथा मानव बेचविखन पिडित महिलाहरुको उद्दार तथा पुनर्स्थापना गर्न,
ख) आपतकालिन अवस्थामा रहेका बेवारिसि बालबालिका संरक्षण, उद्दार तथा पुनर्स्थापना गर्न
ग) पिडितका लागि समितिबाट स्वीकृत कार्यक्रम संचालन गर्न
घ) पारिवारिक पुनर्मिलनमा समस्या भई गरिखाने आधार केहि पनी नभएका पिडित महिलाका लागि जीवीकोपार्जन अनुदानको रुपमा आर्थिक साहायता दिन
ङ) समन्वय समिति र संचालन समितिको बैठक सञ्चालन गर्न
च) अल्पकालिन सेवा केन्द्र संचालनमा आवश्यक अन्य खर्च गर्न सकिने छ ।

५. कोषको खाता सञ्चालन
क) कोषको रकम समन्वय समितिको निर्णयले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने वैंकमा छुट्टै खाता खोली सञ्चालन गरिने छ ।
ख) उपदफा क) बमोजिमको खाता सञ्चालनका लागि भद्रपुर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

**६. रकम फ्रिज नहुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**७. कार्यक्षेत्र**

स्थानिय तहको समन्वय समितिले अन्यथा तोकेकोमा बाहेक,
क) अल्पकालिन सेवा केन्द्रको कार्यक्षेत्र हालको भद्रपुर नगरपालिकाको कार्यक्षेत्र हुनेछ ।

**८.सेवा केन्द्रको कार्य जिम्मेवारी :**

सुरक्षित अल्पकालिन सेवा केन्द्रको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिला तथा बालबालिकाका लागि स्वीकृत मापदण्ड मुताविकको बस्ने-खाने व्यवस्था भएको सुरक्षित अल्पकालिन आश्रय सञ्चालन गर्नेः,

ख) खण्ड -क) बमोजिम आरक्षित महिलाले निजको अवस्था अनुसार स्थानीयस्तरमा नै प्राप्त गर्नुपर्ने निम्नलिखित सेवाहरु प्रदान गर्नेः,

- लागेको चोटपटकको औषधोपचार,
- मनोसामाजिक विमर्श,
- न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा,
- कानुन कार्यान्वयन गर्ने निकायहरुसँग सम्पर्क सेवा र
- समन्वय समितिले तोकेका अन्य सेवा ,

ग) गम्भीर प्रकृतिको घटना भएको वा पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा प्रभावित महिलालाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार खण्ड ख) बमोजिमका सेवा प्रदान गर्ने,

घ) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड -ख) मा उल्लिखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका हकमा पनि आवश्यक सेवा दिने,

ङ) सेवाप्राप्त प्रभावित महिलालाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनःस्थापनाका लागि संप्रेक्षकलाई समन्वय गरी फिर्ता गर्ने,

च) स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसामाजिक समस्या भै थप मनोसामाजिक विमर्श आवश्यक परेमा, कानुनी उपचार चाहेमा सेवा केन्द्र संचालन गर्ने संस्थाले स्थानीय तहमा अनुरोध गर्ने,

छ) फिर्ता सम्प्रेषित प्रभावित महिलाले अवस्थानुसार हकभोग, पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस भनी अनुशरण लगायतमा यथाशक्य सहजीकरण गर्ने,

ज) स्थानीय तहका निगरानी समुह, समिति संस्था अन्य संघसंस्थासँग, निरन्तर सम्पर्क समन्वय गर्ने,

झ) विभिन्न सेवामा प्रभावित महिलाको पहूँच स्थापना गर्न स्थानीय सेवा - प्रदायक माझ अधिवाचन एवं सञ्जालिकरण गर्ने ,

ञ) सरोकारवाला निकायहरु, महिला संस्था,टोलविकास संस्था,लैंगिक हिंसा निगरानी समूह्को सहकार्यमा विभिन्न कार्यक्रमका माध्यमबाट घरेलु ज्यादती विरोधी सामाजिक जागरुकता बढाउने,

ट) सेवाकेन्द्रको मासिक, चौमासिक र वार्षिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार गरी महिला बालबालिका तथा सामाजकल्याण उपशाखामा पेश गर्ने,

ठ) लैंगिक हिंसाको रोकथामका लागि घटना घटि हालेको खण्डमा छिमेकीका नाताले प्रभावित महिलाको पक्षमा परिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने,

ड) प्रचलित कानुन बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गनुपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बाटोबारे प्रभावित महिला लाई परामर्श दिनुका साथै आवश्यकताअनुसार त्यसमा मद्दत गर्ने,

ढ) पारिवारिक पुनर्मिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको प्रभावित महिला का हकमा जीविकोपार्जन अनुदान को रुपमा आर्थिक सहायता दिने

त) सेवाकेन्द्रले मासिक, चौमासिक र वार्षिक प्रगति नगरपालिकामा पेश गर्ने,

थ) सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक तथा समन्वय समिति ले तोकेका अन्य कार्य गर्ने ।

**९. सेवा लिने प्रकृया :**

क. नगरपालिकामा पीडित महिलाको लिखित निवेदन,

ख. सेवा केन्द्रको कार्यक्षेत्र भित्रका भद्रपुर नगरपालिकाको न्यायीक समिति, वडा समिति, टोलविकास संस्था, निगरानी समूह, मेलमिलाप समिति, वा अन्तर्गतको समितिको तर्फबाट नगरपालिकामा सिफारिस भै आएको,

ग) विभिन्न सरकारी तथा गैरसरकारी सेवा प्रदायकको तर्फबाट सिफारिस भै आएको,

घ) कार्यक्षेत्र बाहिरका प्रभावित महिलाको हकमा समन्वय समितिको विशेष निर्णयको आधारमा, सम्प्रेषकको तर्फबाट सेवा केन्द्रमा सिफारिस गर्दा कुन - कुन सेवाका लागि हो जनाउनु पर्दछ । सम्प्रेषण गर्दा प्रभावित महिला सँगै बालबालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्दछ । सम्प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा प्रभावित महिला लाई एक्लै पठाउनुहुदैन, सामान्यता एकजना र गम्भीर चोटपटक लागेको भए दुईजनासम्म साथ लगाएर पठाउनुपर्दछ । साथै साथी दिई पठाएका व्यक्तिको विवरणसमेत सम्प्रेषण गर्दा खुलाउनुपर्दछ ।

**१०. अवधि**

प्रभावित महिला तथा बालबालिकाका हकमा सेवा केन्द्र अन्तर्गत वढीमा ३० दिनसम्म र विशेष अवस्था परी समन्वय समितिले विशेष निर्णय गरेकोमा थप १५ दिन गरी जम्मा ४५ दिन सुरक्षित अल्पकालीन आश्रयमा राख्न सकिनेछ ।

सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा आश्रित माथि उल्लेखित अवधिसम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ । प्रभावित महिलाको साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक-पटक गरेर ७ दिनसम्म सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालिन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ ।

उपर्युक्त अनुसार सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालिन आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा विताएको दिनजति कटाउन सकिनेछ ।

**११. अल्पकालीन सेवा केन्द्रका लक्षित वर्ग**

अल्पकालीन सेवा केन्द्रमा आश्रय लिन सक्ने लक्षित वर्ग देहाय बमोजिम हुनेछ ।

-घरेलु हिंसा पीडित महिला तथा पीडित सँग आश्रित नाबालक,

-लैंगिक हिंसा पीडित महिला तथा पीडित सँग आश्रित नाबालक,

-मानवबेचविखन बाट पिडित तथा प्रभावित महिला

- वेवारिसे बालबालिका -बालकको हकमा १२ वर्ष मुनीका र बालिकाको हकमा १८ वर्ष उमेर पुगेका)
- विपतमा परेका किशोरीहरु ।

**१२. न्यूनतम मापदण्ड**

**क) परिसर :**

आवास गृह परिसर देहाय बमोजिम हुनुपर्दछ :

-चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल तारबारले घेरिएको,

-हाताभित्र गृहअनुसारकोल खुल्ला ठाँउ रहेको,

-आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियोल प्रवेशद्धार भएको र

-सुरक्षाको दृष्टिद्धकोणले उपयुक्त स्थान ।

**ख) आवास गृह :**

आवास गृह देहायका सुविधा सम्पन्न हुनुपर्दछ ।

-दुवैपट्टी झ्याल राखिएका हावा खेल्ने कोठाहरु,

-एकजना भए प्रतिव्यक्ति ६४ वर्गफिट र दुई वा बढि भए प्रतिव्यक्ति ५०वर्गफिटको कोठा क्षेत्रफल प्रत्येकका लागि छुट्टाट्टै खाट,

-प्रभावित बालबालिकाका लागि अलग्गै बालमैत्रि कोठा,

–भुईमा उपयुक्त विच्छेना, झ्यालमा पर्दा र राख-धरन, लेखापढी गर्न आवश्यक फर्निचर,

-मनोसामाजिक विमर्शका लागि छुट्टै कक्ष,

-मनोरञ्जन, अर्न्तक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष,

-शौचालय तथा स्नान कक्ष,

-सुविधा उपलब्ध भएका स्थानमा ) साझा टेलिफोन र टेलिभिजन,

-मौसम हेरी पङ्खा, हिटर,

-पर्याप्त पानी,

-नुवाई-धुवाई, सरसफाईका लागि सामाग्री, भाँडाकुडा,कुचो फोहोर संकलन टोकरी, लुगा सुकाउने डोरी, ईत्यादि,

-तलपिच्छे अग्नि नियन्त्रण उपकरण र

–सुरक्षाका लागि आवश्यकताअनुसार पाले पहरा ।

**ग) लुगाफाटो** :

भर्ना भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

-दरी वा कम्मल, डसना, तकिया, सिरक,दोलाइ,झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओढ्ने --ओछ्याउने विस्तरा,

-एक-एक जोर चप्पल र

-नभएकालाई एकसरो लगाउने लुगा ।

**घ) खानेकुरा :**

दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी हेहायबमोजिम हुनुपर्दछ :

- विहान चियासँगै हल्का खाजा,
- दिउँसो खाना,

- अपरान्ह पूर्ण खाजा सँगै चिया,
- बेलुकी खाना,
- मांसहारीका लागि सातामा १ पल्ट माछा मासु तथा शाकाहारीका हकमा सो मूल्य बरावरी दुध, दही, फलफूल र
- उमालेको वा अन्यथा शुद्धिकरण गरिएको खानेपानी,
- बालबालिकाको हकमा उमेर अनुसार आवश्यक खाना ।

**ङ) स्वास्थ्योपचार :**

स्थानीय तह समन्वय समितिले तोकेको अस्पतालमा संरक्षणमा लिईएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ :

- प्राथमिक उपचार बाकस,
- समस्या हेरी नियमित उपचार,
- आकस्मिक उपचार र
- बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप ।

**च) मनोसामाजिक विमर्श** :

कम्तीमा ६ महिना सम्म मान्यता प्राप्त संस्था बाट तालिम प्राप्त  व्यक्ति वा समन्वय समितिले तोकेको विमर्शक बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ :

- संरक्षित व्यक्ति प्रत्येकलाई  सातामा एकपल्ट नियमित सेवा,
- संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र
- सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

**छ) कानुनी सेवा :**

देहायमा  उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ :

- प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र
- प्रभावित महिलाले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

**ज) सञ्चालन**

केन्द्रका सेवाहरुको सञ्चालनमा देहायका व्यवस्थापन पालना गर्नुपर्दछ :

- प्रभावित महिलालाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता,
- प्रभावित महिला को पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितको कुनै पनि कार्यमा प्रतिबन्ध,
- आवास गृहमा भेटघाट कक्षभन्दा उता बस्ने अनुमतिप्राप्त अनि चिकित्सक, सरसफाईकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाहि र
- निर्देशन समितिले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था ।

- अल्पकालीन सेवा केन्द्रमा सेवा लिने पीडितको गोपनीयता कायम राख्ने ।

**झ) जनशक्ति :**

केन्द्रमा महिलालाई प्राथमिकता दिई देहायका बमोजिमको पूरै प्रशिक्षित जनशक्ति हुनुपर्दछ :

- केन्द्र प्रमुख एकजना, चौकिदार एकजना र (आंशिक समय) भान्छे, सरसफाईकर्मी आवश्यकता अनुसार र
- मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेला उपलब्ध हुने गरी सम्पर्कमा ।

**ञ) अभिलेख :**

केन्द्रले देहायबमोजिम अभिलेख राख्नुपर्दछ :

- प्रभावितको नाममा दर्ता किताब,
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब,
- प्रभावित महिलाको व्यक्तिगत गोप्यता फाईल,
- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात,
- कार्यसञ्चालन समितिको निर्णय किताब
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र प्रगति प्रतिवेदन, अनुसरण रेकर्ड,
- समन्वय समितिले तोकेको अन्य अभिलेख ।

**१३. खर्चका मानक**

सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ :

**ख) मालसामान :** डसना, पर्दा, खाट, विस्तरा, भाडाकुँडा, टेलिभिजन, खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामानमध्ये हाल फर्नु वा थप गर्नुपर्ने भए शैया क्षमता समेतको विचार गरी समन्वय समितिले औचित्यका आधारमा स्वीकृत गरेको रकम,

**ग) औषधोपचार :** समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा ( बिरामी तथा कुरुवासमेत जोडेर ) निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परिक्षण तथा औषधी खर्चबापत जम्मा रु २०००।-सम्म :
- विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेर थप गर्न सक्नेछ ।

  घ) कानुनी उपचार : एक जना साथीसमेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवाबापत ( साथी समेत जोडेर) निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

**च) फिर्ता सम्प्रेषण :** फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु ५० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु. ३००,

**छ) खानेकुरा :** अल्पकालीन आश्रयमा रहेको अवधिभर प्रभावित महिला र साथीसमेतको खाना तथा खाजामा प्रतिव्यक्ति दैनिक रु ३००,

**ज) मनोसामाजिक विमर्श :** प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु. ५०० का दरले खर्च गर्नसकिने छ ।

**झ) लुगाफाटो :** प्रभावित महिलाको कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर अवस्था भएकोमा न्यूनतम रुपमा नभइनहुने अत्यावश्यक लुगाफाटो किन्न प्रतिव्यक्ति रु. १५००। सम्म,

**ञ) जीविकोपार्जन अनुदान :** माथि ८. (ढ) मा उल्लिखित अवस्थामा जीविकोपार्जन अनुदान बापत प्रति प्रभावित महिला परियोजना हेरी रु. १५०००।- ननाघ्ने गरी सम्बन्धित केन्द्रको समन्वय समितिले उपलब्ध स्रोत समेतको विचार गरी स्वीकृत गरेको रकम सम्म

**ट) व्यवस्थापन खर्च :** जनशक्ति, प्रतिवेदन, सञ्जालीकरण, समिक्षा र केन्द्रका गतिविधिसमेतको खर्च बापतका लागि रु. १२०,००० (अक्षरेपी रु. एकलाख विसहजार मात्र ।) ननाघ्ने गरी पुष्ट्याईका आधारमा औचित्यसमेत हेरी समन्वय समितिले स्वीकृत गरेको एकमुष्ट रकम

**ठ) बैठक खर्च : कार्यसञ्चालन समितिको बैठक खर्च भ.न.पा.को** नियमानुसार गर्नुपर्ने छ ।

**१४. भुक्तानी**

**कार्यालय र** सेवा केन्द्र सञ्चालक संस्था विच संझौता भएपछि सेवा केन्द्र संचालक संस्थाले कार्यसञ्चालन सुरु गर्नेछ र केन्द्रको प्रगति र खर्चको फाँटवारी तथा सोको पुष्टि गर्ने कागजातका आधारमा शोधभर्ना स्वरुप मासिक रुपमा भुक्तानी गरिनेछ ।

**१५. समन्वय समितिको गठन, काम कर्तव्य र अधिकार :**

**१५.१) न.पा.ले नगर प्रमुखको अध्यक्षतामा देहाय बमोजिम स्थानीय समन्वय समिति गठन गर्नेछ ।**

अध्यक्षः नगर प्रमुख
सदस्य : उपप्रमुख
सदस्य : प्रमुख प्रशासकिय अधिकृत
सदस्य : सामाजिक विकास समिति संयोजक
सदस्य : जिल्ला प्रशासन कार्यालय, झापा अधिकृत प्रतिनिधी
सदस्य : न.पा.स्तरिय प्रहरी प्रमुख
सदस्य : न.पा.स्तरिय स्वास्थ्य प्रमुख
सदस्य : न.पा.स्तरिय शिक्षा प्रमुख
सदस्य : न.पा.स्तरिय महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत अधिकारकर्मी
सदस्य सचिव : न.पा.स्तरिय महिला, बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख

**१५.२) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) दफा ९. (घ) मा तोकिए बमोजिमका लक्षित वर्गलाई अल्पकालिन सेवाकेन्द्रमा सिफारिस गर्ने,
ख) सञ्चालन समितिको गठन गर्ने,
ग) सेवा प्रदायक संस्थाको छनौट, सम्झौता र खारेजी गर्ने
घ) सेवा केन्द्रको कार्यको अनुगमन, निरिक्षण, निर्देशन गर्ने,
ङ) सञ्चालन समितिलाई आवश्यक निर्देशन दिने,
च) नगरस्तरिय लैंगिक हिंसा, मानव बेचविखन तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्था बिच समन्वय गर्ने ।

छ) कार्यविधिको कुनै दफा संशोधन गर्नुपरेमा  समन्वय समितिले निर्णय गर्ने छ ।

**१५.३ समन्वय समितिको बैठक चौमासिक रुपमा नियमित बस्ने छ र आवश्यकता अनुसार बढीपनि बस्न सक्ने छ ।**

**१६. सञ्चालन समितिको गठन, काम कर्तव्य र बैठक**

**१६.१) संचालन समितिको गठन र काम कर्तव्य**

सेवा केन्द्रको सञ्चालनमा मार्गदर्शन प्रदान गर्न, प्रदत्त सेवाहरुको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा -प्रदायकमाझ सहकार्यलाई बढावा दिन समेत स्थानिय तह समन्वय समितिबाट देहायबमोजिमको एक सञ्चालन समिति गठन गरिनेछ :

सामाजिक विकास समिति संयोजक : संयोजक

कानुन, प्रहरी, स्वास्थ्य र शिक्षाका अधिकृत प्रतिनिधि : २ जना सदस्य

महिला, बालबालिका तथा समाजकल्याण  उपशाखा  : सदस्य

सेवा केन्द्र सञ्चालक संस्थाका अध्यक्ष : सदस्य सचिव

**१६.२ संचालन  समितिको बैठक चौमासिक रुपमा नियमित बस्ने छ र आवश्यकता अनुसार बढीपनि बस्न सक्ने छ ।**

**१७.विविध :**

क) सेवाकेन्द्रको संचालनको मुख्य उद्धेश्य महिला अधिकार सँग सम्बन्धित हुनेहुँदा केन्द्रको कर्मचाररु पाले तथा भान्से लगायतका सम्पूर्ण कर्मचारीहरु महिला नै हुनपर्दछ ।

ख) सेवा केन्द्रमा आश्रय  लिएको अवस्थामा आश्रय लिने पिडितको मृत्य निगरानीमा रहदा रहदै आत्महत्या गरेमा प्रहरी ऐन तथा स्वास्थ्य ऐन अनुसारको प्रकृया पूरा गरी सम्वन्धितले लान चाहेमा सेवा केन्द्रले हस्तान्तरण गरिदिनु पर्नेछ, यदि लान नचाहेमा प्रक्रिया पुरा गरि सेवाकेन्द्रले सदगद गर्न सक्नेछ ।

आज्ञाले

तुलसी बहादुर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत